(आ.व. २०८०/०८१) वैठक नं.

आज मिति २०८१ साल असार २२ गते शनिवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको सैतिसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | ओम प्रकाश महतो | सचिब (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८१।०३।२२ गते

**<u>प्रस्ताव</u>**

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।

२. जग्गाको न्यूनतम् मूल्याँकन निर्धारण सम्वन्धमा ।

३. विविध सम्वन्धमा ।

<u>निर्णयहरु</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एबं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा मालपोत कार्यलय मलंगवा, बरहथवा र हरिवनको विभिन्न मितिमा प्राप्त पत्रहरुबाट आ.व. २०८१/०८२ को लागि जग्गाको रजिष्ट्रेशन पारित गर्दा न्यूनतम् थैली रकम कायम गर्ने प्रयोजनको लागि त्यस नगरपालिका अन्तर्गतका जग्गाको प्रारम्भिक न्यूनतम् मुल्य निर्धारण गरी पठाई दिनु भनि लेखि आएको हुँदा मालपोत कार्यलय मलंगवा, बरहथवा र हरिवन अन्तर्गत पर्ने यस नगरपालिका क्षेत्र भित्रका सम्पुर्ण जग्गाहरुको रजिष्ट्रेशन प्रयोजनका लागि पारम्भिक न्यूनतम् मूल्य आ.व. २०८०।०८१ को लागि निर्धारण भएकै मूल्याँकनलाई कायम गरिदिनु हुनका लागि मालपोत कार्यालय मलंगवा, बरहथवा र हरिवनलाई जानकारी गराउने निर्णय गरियो ।